# देवचुली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

प्रगतिनगर नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला
गण्डकी प्रदेश, नेपाल
२०७३

☏ ०७८-५७५०१० ५७५३९६

च.नं. मिति - २०७६।४।१

प.सं.- २०७६।०७७

**सामाजिक सुरक्षा भत्ताको लागि नाम दर्ता र नवीकरण गर्ने सम्बन्धी जरुरी सूचना**

सूचना प्रकाशित मिति :- २०७६/०४/०१

यस देवचुली नगरपालिका बाट आगामी आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नको लागि जेष्ठ नागरिक अन्यको हकमा मिति२०७७ साल फागुन मसान्त सम्ममा ७० वर्ष उमेर पुरा हुने र जेष्ठ नागरिक दलितको हकमा उल्लेखित मितिमा ६० वर्ष उमेर पुरा हुने ब्यक्तिहरुले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नको लागि २०७६ श्रावण १ गते देखि २०७६ साल पौष मसान्त सम्म आ-आफ्नो वडा कार्यालयमा सम्पर्क गरी नाम दर्ता गर्नु हुन र साविकमा यस नगरपालिका बाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरी रहेका लाभग्राहीहरुले निरन्तर भत्ता उपलब्धताको लागि मिति :-२०७६/४/१ देखि मिति २०७६ पौष मसान्त सम्म आ-आफ्नो वडा कार्यालयमा सम्पर्क गरी अनिवार्य रुपमा नाम नविकरण गर्नु हुन सूचित गरीन्छ । उल्लेखित समयावधी भित्रमा वडा कार्यालयमा गएर नाम दर्ता र नविकरणको लागि दरखास्त नदिने लाभग्राहीहरुलाई सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउन नियमानुसार नमिल्ने ब्यहोरा सूचित गरिन्छ ।

वोधार्थ :

श्री सवै वडा कार्यालय:- आ- आफ्नो वडाको उल्लेखित विवरण संकलन तथा अद्यावधिक गरी तोकिएको समयावधि भित्र नगरपालिकामा विवरण उपलब्ध गराउनु हुन ।

श्री सूचना तथा प्रविधि शाखा:- website मा upload गर्ने ।